भेरी नगरपालिका

# न्यायिक समितिको सचिवालय

खलंगा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

प.सं.२०७८।७९

च.नं. २३८९

मिति:२०७८।४।३

विषय: मेलमिलापकर्ता सूचीमा सूचीकृत हुन तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना ।

उपरोक्त विषयमा भेरी नगरपालिका न्यायिक समितिको निर्णय अनुसार समिति अन्तर्गत रहेको मेलामिलाप केन्द्रमा मेलमिलाप सम्बन्धी कार्य गर्नको लागि भेरी नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को दफा ५९ बमोजिम देहायको योग्यता पुगेका र दफा ६० बमोजिम सूची अध्यावधिक गर्न ईच्छुक महानुभावहरुलाई सूचना प्रकाशन भएको मितिले ३० दिनभित्रमा यस नगरपालिकाको मेलमिलापकर्तामा सूचीकृत हुन वा अध्यावधिक गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।

**मेलमिलापकर्ताको सूचीकृत हुनको लागि आवश्यक योग्यता:**

१. कम्तीमा प्रमाण पत्र तह उत्तीर्ण गरेको
२. कुनै राजनीतिक दल प्रति आस्था राखि राजनीतिमा सक्रिय नरहेको
३. स्थानीय स्तरमा समाजसेवीको पहिचान बनाएको
४. मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम लिई मेलमिलाप कार्य गर्दै आएको
५. २५ बर्ष उमेर पुरा भएको

(प्रकाश कुमार शाही)
कानून अधिकृत

**पेश गर्नु पर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. कम्तीमा स्नातक उत्तीर्ण गरेको शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
३. मेलमिलापकर्ताको तालिम सम्बन्धी प्रमाण पत्रको प्रतिलिपी
४. मेलमिलापकर्ताको अनुभव भएमा सोको प्रतिलिपी
५. व्यक्तिगत विवरण (Bio-data)
६. पासपोर्ट साईजको फोटो दुई प्रति
७. निवेदनको ढाँचा नगरपालिकाको प्रशासन शाखा वा वेभसाईट www.bherimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।
८. थप जानकारीका लागि भेरी नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र ९८४८०३१२०५ मा सम्पर्क राख्न सकिनेछ ।

पुनश्च: माथि जुनसुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल मेलमिलापकर्ताको काम गरिरहेको हकमा निजलाई निरन्तरता दिन सूचीकृत गर्न बाधा पर्नेछैन ।

Scanned with CamScanner

अनुसूची-११

(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)

मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा

न्यायिक समिति

भेरी नगरपालिका समक्ष पेश गरेको निवेदन

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी भेरी नगरपालिकाको न्यायिक समिति अन्तर्गतका ............ मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

तपसिल

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) स्नातक तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ता तालिमको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यक्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः ..........

दस्तखतः ...........

मितिः .............

Scanned with CamScanner